ICIMOD

# कैलाश पावन भू-परिधि संरक्षण तथा विकास पहल (KSLCDI)

# प्रकृति आव्हान

## जैविक विविधता व्यवस्थापनको लागि नेपाल भारत कैलाश पावन भू-परिधिमा स्थानिय तहको बिच सीमापार आदान-प्रदान

दिनांकः १३-१५ दिसंबर २०१९

स्थानः पिथौरागढ, उत्तराखण्ड, भारत



## पृष्ठ भूमि

कैलाश पावन भू-परिधि संरक्षण तथा विकास पहल एउटा सीमा वारपार सहयोग को यस्तो कार्यक्रम हो, जसले नेपाल, भारत तथा चीनले आपसी सहमतिमा छुट्ट्याएको क्षेत्रमा काम गर्छ । कैलाश पावन भू-परिधिले रणनीतिक हस्तक्षेपमा लगानी गरेको छ, जसले जीविकोपार्जन कार्यक्रमलाई पर्यावरणीय सेवासँग एकिकृत गर्दछ ।

जैविक विविधता कैलाश पावन भू-परिधिको एउटा प्रमूख स्रोत हो । यसले खानाको प्रबन्ध, इनधन तथा वासस्थान देखि सांस्कृतिक सेवा तिर्थयात्रा, पर्यटन लगायतका अनगिन्ती पर्यावरणीय सेवाहरु प्रदान गर्दछ । यो भू-भाग अनगिन्ती प्रजातिका बोटबिरुवा पाइन्छन । यहाँ पाइने महत्वपूर्ण जडिबुटि तथा गैर काष्ठ बनपैदावार यहाँको धेरैजसो बासिन्दाहरुको प्रमूख आयस्रोत हुन् । यो भू-परिधि जीव विविधतामा पनि धनी छ । जसमा हिउँ चितुवा, भारल, जङ्गली चौरी, ग्रुस निग्रिकोलीस प्रजातिहरु पाइन्छन् ।

यहाँका स्थानिय समुदायहरुको यार्सागुम्बा लगायतका प्राकृतिक स्रोतहरुमा उच्च निर्भरताका कारण तिनको शोषण भई दिगोपनमा नकारात्मक असर परेको छ । यसबाहेक वनस्पति तथा जीवहरुको अवैध चोरी सिकारी तथा व्यापारले कैलाश क्षेत्रको भारत तथा नेपाली भू-भागमा जैविक विविधता संरक्षणमा खतरा निम्त्याएको छ । अन्तराष्ट्रिय बजारमा बन्यजन्तुका अप्रत्यको मूल्य ज्यादै उच्च रहेको छ  तथा उच्च बजार मूल्यका कारण निम्तिने गरिबी, उच्च माग, कानुनको कमजोर लागू पक्षको प्रभावले अवैध चोरी सिकारी तथा व्यापारलाई ठेवा पुऱ्याउछ । यी समस्याहरु समाधानको लागि सीमाका दुई क्षेत्रमा औपचारीक संयन्त्रहरु -वन्यजन्तु अपराध नियन्त्रण शाखा, दिगो गैरकाष्ठ वन पैदावार कटानी सम्बन्धि नीति) राखिएको छ । यी संयन्त्रहरुको लागू गर्नका लागि स्थानिय समुदाय तथा सरकार दुबैको सक्रिय सामुदायिक सहभागिताको आवश्यकता पर्दछ ।

सन् २०१८ मा "के.एस.एल.सि.डि.आई" (KSLCDI) ले नेपाल-भारत कैलाश क्षेत्रमा जैविक विविधता व्यवस्थापन सम्बन्धित सीमापार अनुभव आदान-प्रदान कार्यक्रम सञ्चालन गऱ्यो । यार्सागुम्बामा केन्द्रित उक्त छलफल पछि यार्सागुम्बाको दिगो व्यवस्थापन सम्बन्धि सामुदायिक सहमति जुट्यो । यस सीमापार कार्यक्रमले यार्सागुम्बा अनुसन्धानमा चाहिने आवश्यकताहरुको पहिचानका लागि मार्ग प्रशस्त गरेको छ । उक्त उपलब्धि जुन २०१९ मा क्षेत्रिय अनुसन्धान मार्फत भारत कैलाश क्षेत्रको चिप्ले केदार र नेपाल कैलाश क्षेत्रको बझाङ र दार्चुलामा लागु गरियो । यसका अलावा दुई देश बिचका समुदायहरु बिचको यस आदान-प्रदान मञ्चलाई भविष्यमा पनि निरन्तरता दिन सहमत भयो । तसर्थ यस बर्ष उक्त कार्यक्रम भारतको उत्तराखण्ड पिठौरागढमा निम्न उद्देश्यका साथ आयोजन गरिने भएको छ ।

## उद्देश्यहरु

सीमापार "प्रकृति आव्हान" मञ्चले नागरिक समाज, स्थानिय प्रशासन, अधिकारीहरुलाई जैविक विविधता व्यवस्थापनका महत्वपूर्ण विषयहरु विशेष गरी सीमा क्षेत्र सम्बन्धि चुनौती तथा समाधानका पहिचानका बारेमा छलफल गर्नका लागि एकै ठाउँमा भेला गर्दछ । जिल्ला तथा प्रदेश अधिकृतहरु, विशेषज्ञहरु तथा जैविक विविधता व्यवस्थापन क्षेत्रमा कार्यरत संस्थाहरुले प्राविधिक सहयोग उपलब्ध गराउने छन्।

कार्यशालाका उद्देश्यहरु निम्न प्रकार छन् :

- दिगो जैविक व्यवस्थापनमा जीव तथा वनस्पतिको अवैध व्यापार लगायतका समस्याहरुको सम्बोधन गरी २०१८ को सामुदायिक सहमति पुनरावलोकन गर्ने ।

- यार्सागुम्बा क्षेत्र अनुसन्धान (२०१९) का उपलब्धिहरु लाई प्रमाणिकरण तथा बाँडफाँड गर्ने ।
- नागरिक बैज्ञानिकहरुलाई कैलाश क्षेत्रमा सांस्कृतिक सम्पदाको निरीक्षणका लागि मोबाइल एप चलाउन सिकाउने ।

यस कार्यक्रमका सहभागीहरु:

**भारत:** वन पञ्चायत, रंङ्ग समुदाय, स्थानिय सरकार, उत्तराखण्ड वन विभाग, जी.बी. पन्त, राष्ट्रिय हिमालय पर्यावरण एवम् सतत विकास संस्थान (GBPNIHESD), भारतीय वन्यजीव संस्थान (WII), केन्द्रिय हिमालयन तथा वातावरण संघ (CHEA)

**नेपाल:** एन्का (ANCA) परिषद् : ANCA कर्मचारी, स्थानिय सरकार, जिल्ला वन कार्यालय, प्रदेश मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (DNPWC), हिमावन्ती नेपाल (HIMWANTI)

**क्षेत्रीय:** सवीन (SAWEN), इसिमोड (ICIMOD)



## कार्यक्रम तालिका

| मिति | दिन | कार्यक्रम |
|---|---|---|
| 11-12 दिसेम्बर | बुद्धवार / बिहिवार | पिथौरागढको यात्र |
| 13 दिसेम्बर | शुक्रवार | **बिहान:**<br>• स्वागत कार्यक्रम<br>• कार्यशालाको उद्देश्य तथा अपेक्षित फल<br>• सहभागी परिचय<br>• सीमापार पञ्च (२०१८) को सम्झौता तथा प्रगतिको पुनरावलोकन<br>• यार्सागुम्बा क्षेत्र अनुसन्धान (२०१९) को प्रस्तुतीकरण तथा सामूहिक छलफल |
| | | **दिउँसो:**<br>• महाकाली पारी वन्यजन्तु व्यापार : समस्या चुनौती र अगाडिको बाटो<br>• सामुहिक छलफ |
| 14 दिसेम्बर | शनिवार | **बिहान:**<br>• गैरकाष्ठ वनपैदावार तथा जडिबुटि बोटविरुवा : सीमापार समस्या र अगाडि बाटो सामूहिक छलफल |
| | | **दिउँसो:**<br>• समावेशी  जैविक विविधता व्यवस्थापनको सुनिश्चितता : प्राकृतिक स्रोत व्यवस्थापनमा लैङ्गिक तथा सामाजिक समावेशी अनुभव बा□डफा□ड तथा सामूहिक छलफल |
| 15 दिसेम्बर | आईतबार | **बिहान:**<br>• कैलाश क्षेत्रमा साँस्कृतिक पर्यावरणीय सेवा निरिक्षणका लागि नागरिक बिज्ञान पृष्ठभुमि + मोबाइल एप तालिम |
| | | **दिउँसो:**<br>• मोबाइल एप प्रयोगको लागि सांस्कृतिक सम्पदा क्षेत्रको स्थलगत भ्रमण |
| 16-17 दिसेम्बर | सोमवार / मंगलवार | • गंतब्यतिर फर्किने |

In collaboration with

भारतीय वन्यजीव संस्थान Wildlife Institute of India

CHEA

SAWEN

**International Centre for Integrated Mountain Development**
GPO Box 3226, Kathmandu, Nepal
**T** +977 1 5275222 | **E** info@icimod.org | **www.icimod.org**